नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान
रविभवन, कालिमाटी, काठमाण्डौ

## कार्यक्षमता मूल्याङ्कन आधारमा हुने बढुवा सम्वन्धी सूचना

**सूचना नं.** ०१/०७५ /७६ **प्रकाशित मिति:२०७५।९।२७**

यस प्रतिष्ठानमा रिक्त रहेको देहायका पदहरुमा नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान कर्मचारी सेवा शर्त नियमावली, २०६१ को नियम ३१ को व्यवस्था बमोजिम कार्यक्षमताको आधारमा बढुवाबाट पुर्ति गर्नु पर्ने भएकोले नियम ३० अनुसार प्रतिष्ठानको सम्बन्धित सेवा, समूह तथा उप-समूहको एक तह मुनिका पदमा २०७५ असार मसान्तसम्म चार बर्ष एवं महिलाको हकमा ३ वर्ष स्थायी सेवा अवधि पुगेका र देहायको शैक्षिक योग्यता भएका उम्मेदवारहरुले प्रतिष्ठानबाट निर्धारित कार्यक्षमता मूल्याङ्कन बढुवा सम्बन्धी दरखास्त फारममा उल्लेखित विवरण खुलाई २०७५।११।०२ गते सम्ममा दरखास्त दिन सूचना गरिन्छ ।

| बढुवा सूचना नं. | पद | तह | सेवा | समूह | उपसमूह | संख्या | आवश्यक न्यूनतम योग्यता | दरखास्त दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| १/०७५।७६ | उप विभागीय प्रमुख | ९ | प्रशासन | सा.प्र. | – | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तिर्ण । | ९००।- |
| २/०७५।७६ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | सा.प्र. | – | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तिर्ण । | ६००।- |
| ३/०७५।७६ | बरिष्ठ प्रशिक्षक (फुड एण्ड वेभरेज) | ७ | प्राविधिक | होटल | फुड एण्ड वेभरेज | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट होटल म्यानेजमेन्ट विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको वा होटल म्यानेजमेन्ट विषयमा स्नातक तह उत्तिर्ण गरी कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण । | ६००।- |
| ४/०७५।७६ | वरिष्ठ प्रशिक्षक (फुड प्रोडक्सन एण्ड कन्ट्रोल) | ७ | प्राविधिक | होटल | फुड प्रोडक्सन | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट होटल म्यानेजमेन्ट विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको वा होटल म्यानेजमेन्ट विषयमा स्नातक तह उत्तिर्ण गरी कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण । | ६००।- |
| ५/०७५।७६ | वरिष्ठ प्रशिक्षक (एकोमोडेशन) | ७ | प्राविधिक | होटल | एकोमोडेशन | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट होटल म्यानेजमेन्ट विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको वा होटल म्यानेजमेन्ट विषयमा स्नातक तह उत्तिर्ण गरी कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण । | ६००।- |
| ६/०७५।७६ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | - | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण । | ५००।- |

**दृष्टव्य :**

१. दरखास्त फारम प्रतिष्ठानको Website : www.nathm.edu.np बाट download गरी वा प्रतिष्ठानबाट प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

२. दरखास्त फारम साथ शैक्षिक योग्यताको आफैद्वारा प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ । प्रतिलिपि पेश नगरेमा सो बापतका अङ्क पाईने छैन ।

३.. विदेशी विश्व विद्यालय वा बोर्डबाट उतीर्ण भई शैक्षिक योग्यता प्राप्त गर्ने उम्मेदवारले त्रिभुवन विश्वविद्यालयबाट समकक्ष निर्धारण गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।

४. परीक्षा दस्तुरवापतको रकम यस प्रतिष्ठानको लेखा शाखामा बुझाई सो को सक्कल नगदी रसिद समेत संलग्न गरी दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान

रविभवन, कालिमाटी, काठमाण्डौ

# खुला तथा समावेशी तर्फका प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं.** ०२/०७५/७६ **प्रकाशित मितिः२०७५।९।२७**

यस प्रतिष्ठानमा रिक्त रहेको देहायका पदहरुमा खुला र समावेशी प्रतियोगितात्मक परीक्षाद्धारा स्थायी पूर्ति गर्नुपर्ने भएकोले न्यूनतम शैक्षिक योग्यता र उमेर पुगेका नेपाली नागरिक उम्मेदवारहरुबाट रीत पूर्वक दरखास्त आवह्नन गरिन्छ ।

| विज्ञापन न. | पद | तह | सेवा | समूह | उपसमूह | खुला/समावेशी/महिला | संख्या | उमेर | आवश्यक न्यूनतम योग्यता | परीक्षाको किसिम | परीक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७/०७५/७६ | प्रशिक्षक (ट्राभल एण्ड टुरिजम) | ६ | प्राविधिक | ट्राभल | - | खुला | १ | २१ वर्ष पूरा भएको र ४० वर्ष ननाघेका | मान्यता प्राप्त शिक्षण संस्थाबाट ट्राभल एण्ड टुरिजम म्यानेजमेन्टमा स्नातकोत्तर तह उर्त्तिर्ण वा व्याचलर ईन ट्राभल एण्ड टुरिजम म्यानेजमेन्ट उत्तिर्ण भई कुनै विषयमा स्नातकोत्तर तह उत्तिर्ण भएको र कम्प्युटर विषयमा कम्तीमा एक महिनाको अध्ययन वा आधारभूत तालीम प्राप्त गरेको । | प्रथम चरण : लिखित परीक्षा द्वितीय चरण : अन्तर्वाता | १२००।- |
| ८ /०७५/७६ | (क) प्रशिक्षक (फूड प्रोडक्सन एण्ड कन्ट्रोल) | ६ | प्राविधिक | होटल | फूड प्रोडक्सन | खुला | १ | २१ वर्ष पूरा भएको र ४० वर्ष ननाघेका | मान्यताप्राप्त शिक्षण संस्थाबाट होटल म्यानेजमेन्ट विषयमा स्नातकोत्तर तह उतिर्ण गरेको वा होटल म्यानेजमेन्ट विषयमा स्नातक तह उतिर्ण गरी कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उतिर्ण भएको र कम्प्युटर विषयमा कम्तीमा एक महिनाको अध्ययन वा आधारभूत तालीम प्राप्त गरेको । | प्रथम चरण : लिखित परीक्षा द्वितीय चरण : अन्तर्वाता | १२००।- (द्रष्टव्य ८ अनुसार थप दस्तुर लाग्ने) |
| | (ख) प्रशिक्षक (एकोमोडेशन) | ६ | प्राविधिक | होटल | एकोमोडेसन | खुला | १ | | | | |
| ९/०७५/७६ | लेखा अधिकृत | ६ | प्रशासन | लेखा | लेखा | खुला | १ | २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेका | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र , व्यापार प्रशासन , अर्थ शास्त्र, गणित, तथ्यांक शास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण र कम्प्यूटर विषयमा कम्तीमा एक महिनाको अध्ययन वा आधारभूत तालीम प्राप्त गरेको । | प्रथम चरण : लिखित परीक्षा द्वितीय चरण : सीप परीक्षण र अन्तर्वाता | १२००।- |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १०/०७५/७६ | अधिकृत (रिसोर्स सेन्टर) | ६ | प्राविधिक | लाइब्रेरी | लाइब्रेरी | महिला | १ | २१ वर्ष पूरा भएको र ४० वर्ष ननाघेका | मान्यता प्राप्त शिक्षण संस्थाबाट लाईब्रेरी साईन्समा स्नातकोत्तर तह उत्तिर्ण वा लाईब्रेरी साईन्समा स्नातक तह उत्तिर्ण भई कुनै विषयमा स्नातकोत्तर तह उत्तिर्ण वा कुनै विषयमा स्नातकोत्तर तह उर्त्तिण र लाईब्रेरी विषयमा कम्तीमा ६ महिनाको तालीम प्राप्त र कम्प्यूटर विषयमा कम्तीमा एक महिनाको अध्ययन वा आधारभूत तालीम प्राप्त गरेको । | प्रथम चरण : लिखित परीक्षा द्वितीय चरण : सीप परीक्षण र अन्तर्वाता | १२००।- |
| ११/०७५/७६ | सहायक | ४ | प्रशासन | सा.प्र. | सा.प्र. | खुला | १ | १८ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेका | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस .एल .सी . वा सो सरह उत्तिर्ण र कम्प्यूटर विषयमा कम्तीमा एक महिनाको अध्ययन वा आधारभूत तालीम प्राप्त गरी कम्प्यूटरमा अंग्रेजी र नेपालीमा कार्य गर्न सक्ने । | प्रथम चरण : लिखित परीक्षा द्वितीय चरण : सीप परीक्षण र अन्तर्वाता | ६००।- |

**द्रष्टव्य :**

१ दरखास्त फारम प्रतिष्ठानको Website : www.nathm.edu.np बाट download गरी वा प्रतिष्ठानबाट प्राप्त गर्न सकिनेछ ।

२ दरखास्त फारम साथ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धांकपत्र वा ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, तालीम एवं काम गरेको अनुभवको प्रमाणपत्र समेतको प्रतिलिपिहरु १/१ प्रति पेश गर्नुपर्नेछ ।

३ यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र र सो अवधि समाप्त भएपछि दोब्बर दस्तुर तिरी ७ दिन भित्र दरखास्त दिन पाईनेछ ।

४ दरखास्तको अन्तिम मिति २०७५।१०।१७ गते सम्म उमेर पुगेको र हद ननाघेको हुनुपर्नेछ ।

५ महिला र अपाङ्ग उमेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष हुनेछ ।

६ विदेशी विश्व विद्यालय वा बोर्डबाट उतीर्ण भई शैक्षिक योग्यता प्राप्त गर्ने उम्मेदवारले त्रिभुवन विश्वविद्यालयबाट समकक्ष निर्धारण गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।

७ परीक्षा दस्तुरवापतको रकम यस प्रतिष्ठानको लेखा शाखामा बुझाई सो को सक्कल नगदी रसिद समेत संलग्न गरी दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

८ वि.नं. ८ मा उल्लेखित पदहरु मध्ये एक भन्दा थप पदमा दरखास्त दिन चाहने उम्मेद्वारहरुले दरखास्त फारमको पदको स्थानमा अलग- अलग पद उल्लेख गर्नु पर्नेछ र प्रत्येक थप पदको लागि रु. ६००।- थप परीक्षा दस्तुर बुझाउनु पर्नेछ ।

९ लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

१०. खुला र समावेशी प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम प्रतिष्ठानको वेव साइडमा राखिएको छ ।

११ देहायका पदहरुको लिखित परीक्षाको प्रथम पत्रको खण्ड (क) का प्रश्नपत्र एकै हुने र एउटै समयमा लिखित परीक्षा सञ्चालन हुनेछ :

क) प्रशिक्षक (ट्राभल एण्ड टुरिजम) र प्रशिक्षक (फूड प्रोडक्शन एण्ड कन्ट्रोल/एकोमोडेशन)

ख) लेखा अधिकृत र अधिकृत (रिसोर्स सेन्टर)

१२ सम्पर्क मिति २०७५।११।०३ गते तोकिएको छ । सो दिन लिखित परीक्षा हुने मिति र समयको जानकारी गराइनेछ एवं सो को सूचना प्रतिष्ठानको वेव साइटमा राखिने छ ।

१३ अन्य सेवा, शर्त र सुविधा प्रतिष्ठानको प्रचलित नियम बमोजिम हुनेछ ।

१४ यो सूचना प्रतिष्ठानको Website : www.nathm.edu.np मा पनि हेर्न सकिनेछ ।